## सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड:४** **संख्या :५** **मिति: २०७६/६/१८**


## भाग-२

## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७७ सालको कार्यविधि नं ०२

## सानीभेरी गाउँपालिकाको एक घर- एक शेयर लगानी साझेदारी अनुदान कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७७/०६/१४

गाउँपालिका अध्यक्षबाट प्रमाणीकरण मितिः २०७७/०६/१६

**प्रस्तावनाः** नेपालको संविधान २०७२ को धारा ५७ को उपधार (४) बमोजिम सानीभेरी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा १०१ को उपदफा (१) वमोजिम गाउँ गाउँमा सहकारी घर घरमा भकारी भन्ने उदेश्यका साथ यस सानीभेरी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घरपरिवार लाई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा

साँस्कृतिक विकासमा आवद्ध गरी वचत गर्ने वानीको विकास गर्न र तिनको जिवनस्तर माथी उठाई आर्थिक आत्मनिर्भर समृद्धिका लागि एक घरपरिवाको लागि कम्तीमा दश कित्ता शेयर खरिद गरिदिने गाउँपालिकाको नीतिका साथ यो कार्यविधि तयार गरी लागु गर्न वान्छनीय भएकोले कार्यपालिकाको निर्णय बाट एक घर- एक शेयर लगानी  साझेदारी अनुदान कार्यविधि, २०७७ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सानीभेरी गाउँपालिका एक घर- एक शेयर लगानी साझेदारी अनुदान कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(१) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(२) "घरपरिवार" भन्नाले एउटै घरभित्र वसोबास गर्ने मानो नछुट्टिएको परिवार लाई सम्झनुपर्छ ।

(३) "क्षेत्र" भन्नाले सानीभेरी गाउँपालिका भित्र पर्ने भूभाग लाई सम्झनुपर्छ ।

(४) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(५) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(६) "संस्था" भन्नाले सानीभेरी गाउँपालिकाको सहकारी ऐन २०७४ अनुसार गठन भएको वचत तथा ऋण सहकारी संस्था सम्झनुपर्छ ।

(७) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका रुकुम(पश्चिम) लाई सम्झनुपर्छ।

(८) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(९) "अध्यक्ष" भन्नाले गाउँपालिका सरकार प्रमुखलाई सम्झनुपर्छ।

(१०) "अधिकृत भन्नाले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(११) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनुपर्छ।

(१२) “सहकारी” ऐन भन्नाले गाउँपालिकाको सहकारी ऐन २०७४ लाई सम्झनुपर्छ।

(१३) “कार्यविधि” भन्नाले एक घर- एक शेयर लगानी साझेदारी अनुदान कार्यविधि, २०७७ लाई सम्झनुपर्छ।

(१४) “शहीद परिवार तथा घाइते” भन्नाले जनयुद्ध र जनआन्दोलनको क्रममा शहीद भएका सगोल परिवारहरु र घाइतेहरुलाई सम्झनुपर्छ।

(१५) “विपन्न परिवार” भन्नाले सानीभेरी गाउँपालिका भित्र बसोवास गर्ने तर ३ महिना मात्र खानपुग्ने नागरिकहरुलाई सम्झनुपर्छ।

(१६) “कित्ता” भन्नाले रु. १०० बराबरको एक कित्ता शेयर सम्झनुपर्छ।

३. **कार्यक्रममा आवद्ध हुने:** सानीभेरी गाउँपालिकाको क्षेत्र भित्र वसोवास गर्न सम्पूर्ण घरपरीवारहरुले यस कार्यक्रममा सहभागी हुनेछन र सो घरपरिवारका सदस्य मध्ये कुनै एक जना व्यक्तिले मात्र शेयर प्राप्त गर्नेछ।

४. **शेयर प्रदान नगरिने:** एउटै घरपिरवार भित्र वसोवास गर्ने मानो नछुट्टिएका प्रत्येक सदस्यको लागी शेयर प्रदान गरिने छैन।

५. **सूचीकृत भएको हुनुपर्ने:** गाउँपालिकाभरी कार्यक्षेत्र भई एक घर धुरी एक शेयर सदस्य र इच्छुक सवै सदस्यहरुलाई शेयर सदस्य वितरण गरेको बचत तथा ऋण सहकारी संस्था गाउँपालिकामा सूचीकृत भएको हुनु पर्नेछ ।

६. **न्यूनतम शेयर खरिद गर्नुपर्ने:** (१) प्रत्येक घरधुरीले साझेदारी शेयर खरिद गर्दा न्यूनतम दश कित्ता देखी पचास कित्ता रु.१ हजार देखी रु. ५ हजारको शेयर हुनुपर्नेछ । रु.१ हजार भन्दा कमको शेयर खरिद गरेको शेयर सदस्यलाई यो सुविधा दिन गाउँपालिका कार्यालय बाध्य हुनेछैन ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक घर एक शेयर साझेदारी अनुदान वितरणमा जनयुद्ध र जनआन्दोलनमा घाइते र शहिद परिवार र अति विपन्न परिवारहरुलाई सम्बन्धित वडाको सिफारिस र गाउँ

कार्यपालिकाको निर्णयानुसार ५० कित्ता रु. ५ हजार सम्मको साझेदारी शेयर वितरण गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम शेयर वितरण गर्दा कम्तीमा २० प्रतिशत रकम सम्बन्धित शेयर सदस्यले साझेदारी गर्नुपर्नेछ।

**७. एक घर-एक शेयर साझेदारी अनुदान भुक्तानी प्रक्रियाः**

)१गाउँपालिकामा सूचीकृत भई छनौट भएको बचत तथा ऋण सहकारी संस्था ( र गाउँपालिका बिचमा सम्झौता गर्ने ।

पहिलो पक्ष गाउँपालिका र दोस्रो पक्ष बचत तथा ऋण सहकारी (२)संस्था बिच सम्झौता भए अनुसार एक घरएक शेयर साझेदारी अनुदान दोस्रो पक्षलाई - ,भुक्तानी गर्दा पहिलो चरणमा ४० प्रतिशत दोस्रो चरणमा ३० प्रतिशत र तेस्रो चरणमा ३० प्रतिशत घरधुरीलाई गरिनेछ ।

दोस्रो पक्ष बचत तथा ऋण सहकारी संस्थाले एक घर एक शेयर साझेदारी (३) सदस्यको लागि रु१ हजार देखी ५ हजार सम्म वितरण गर्दा इच्छुक . शेयर सदस्यले देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछ ।

(क) आँफूले प्राप्त गरेको शेयर प्रमाण पत्रको प्रतिलिपी ।

(ख) स्थायी वसोवास प्रमाणित गरिएको सम्वन्धित वडाको सिफारीस पत्र ।

(ग) गाउँपालिकाको साझेदारी शेयर अनुदान जम्मा गरी पाउँ भन्ने व्यहोराको निवेदन ।

(ङ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

दोस्रो पक्ष बचत तथा ऋण सहकारी संस्थाले पहिलो पक्ष गाउँपालिकामा एक (४) १ हजार देखी ५ .घर एक शेयर साझेदारी अनुदान शेयरको लागि रुहजार सम्म र शहीद परिवार तथा घाइते र विपन्न परिवारहरुको हकमा रु५ हजार . सम्म वितरण गरेको सवै कागजात एकमुस्ठ फाइलिङ्ग गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

दोस्रो पक्ष बचत तथा ऋण सहकारी संस्थाले पहिलो पक्ष गाउँपालिका सरकाले (५) एक घर एक शेयर साझेदारी अनुदान शेयर वितरणले जनताको आयआर्जनमा - बृद्धि गरेको प्रगति प्रतिवेदन र महालेखा परिक्षकले मागेको वेला जति खेरपनि लेखा परिक्षण गर्दा आवश्यक पर्ने कागजात पेश गरी अनिवार्य सहयोग गर्नु पर्नेछ ।

८. **रकम झिक्न नपाइने**: शेयर सदस्यको नाममा यसरी जम्मा भएको रकम उसको र गाउँपालिकाले जम्मा गरी दिएको रकम गरी जम्मा रु.२ हजार देखी रु. १० हजार सम्मको शेयर रकम यस कार्यालयको सिफारिस विना झिक्न पाउने छैन ।

९. **कारबाही हुने**: कार्यालयको सिफारीस विना जम्मा गरेको शेयर रकम झिकेमा त्यस्तो शेयर सदस्यलाई कार्यालयले आवश्यक कारबाही गर्न सक्नेछ ।

१०. **रकम थप गर्न सक्ने**: शेयर सदस्यहरु मध्ये कार्यालयले राम्रो कार्य गर्ने शेयर सदस्यलाई थप सेवा सुविधाको व्यवस्थाका साथै शेयर खरिदको लागी थप रकम पनि प्रदान गर्न सक्नेछ ।

११. **बचत तथा ऋण सहकारी संस्था हुनुपर्ने**: शेयर खरिद कर्ताले गाउँपालिकामा सूचीकृत भएको बचत तथा ऋण सहकारी संस्थामा खरिद गरेको हुनुपर्नेछ। अन्य संस्थामा खरिद गरेको शेयर कर्तालाई कार्यालयले रकम जम्मा गरि दिन वाध्य हुनेछैन ।

१२. **संशोधन गर्न सक्ने**: यो कार्यविधिका दफा उपदफाहरुलाई संशोधन वा थपघट गर्ने अधिकार सानीभेरी गाउँ कार्यपालिकालाई मात्र हुनेछ ।

१३. **बाझिएमा**: यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४ संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१६. **बचाउः** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका एक घर- एक शेयर साझेदारी अनुदान तथा सहयोगहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछन्।

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत